# फतुवा विजयपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लक्ष्मीनिया दो.,रौतहट

**मधेश प्रदेश, नेपाल**

पत्र संख्या:-२०८०/०८१
चलानी नं.:- १२६३

मिति:-२०८१/०२/०७

फतुवा विजयपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय लक्ष्मीनिया (दो.), रौतहट मधेश प्रदेश, नेपाल

विषय :बिशेष आर्थिक सुविधा जानकारी सम्बन्धमा ।

श्री सबै वडा कार्यालय र सबै शाखाहरु
फतुवा विजयपुर नगरपालिका,रौतहट ।

प्रस्तुत विषयमा श्री अर्थ मन्त्रालयको प.सं.२०८०/०८१ च.नं.७३६ मिति २०८१/०१/०३ र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.२०८०/०८१चलानी नं.१८४ र मिति २०८१/०२/०१ गतेको पत्र यसै साथ संलग्न छ ।

निजामति कर्मचारीको सेवामा छदै मृत्यु भएमा निजको परिवारलाई निजामति सेवा ऐन २०४९ को दफा ३९ घ मा व्यवस्था भएको विशेष आर्थिक सुविधा वापतको रकम देहायका शर्तहरुको आधारमा कर्मचारी सञ्चय कोषवाट भुक्तानी गरी अर्थ मन्त्रालयमा शोधभर्ना माँग गर्न (मा.मन्त्रिस्तर) वाट मिति २०८०/१२/२८ मा निर्णय भएको हुँदा आवश्यक कार्यार्थ पठाइएको व्यहोरा अनरोध छ ।

<u>तपसिल</u>

१. निजामति सेवा ऐन २०४९ को दफा ३९ घ बमोजिमको विशेष आर्थिक सुविधा उपलब्ध गराउँदा प्रचलित कानून र स्वीकृत मापदण्ड बमोजिम उपलब्ध गराउने ।
२. यसरी उपलब्ध गराएको आर्थिक सुविधा वातपको रकमको शोधभर्ना अर्थ मन्त्रालयसँग माँग गर्ने र
३. अर्थ मन्त्रालयसँग शोधभर्ना वापतको रकम माँग गर्दा कर्मचारि सञ्चय कोषको प्रशासक स्तरिय निर्णियवाट माँग गर्ने ।

वोधार्थः
१.संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरवार काठमाण्डौं ।
२.सूचना प्रविधि शाखा-यस न.पा.को वेवसाइटमा अपलोड गरिदिनु हुन ।

..............................
बिरेन्द्र प्रसाद चन्द्रवंशी
शिक्षा शाखा प्रमुख

नेपाल सरकार

# अर्थ मन्त्रालय

(वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्या:- वि.क्षे.व्य.सं.स. २०८०/८१
च. नं.:- ०३६

मिति: २०८१/०१/०३

विषय: विशेष आर्थिक सुविधाको सम्बन्धमा।

श्री कर्मचारी सञ्चय कोष,
पुल्चोक, ललितपुर।

निजामती कर्मचारीको सेवामा छँदै मृत्यु भएमा निजको परिवारलाई निजामती सेवा ऐन, २०४९ को दफा ३९घ. मा व्यवस्था भएको विशेष आर्थिक सुविधा वापतको रकम देहायका शर्तहरुको आधारमा कर्मचारी सञ्चय कोषबाट भुक्तानी गरी अर्थ मन्त्रालयमा शोधभर्ना माग गर्ने (मा.मन्त्रिस्तर) 'बाट मिति २०८०/१२/२८ मा निर्णय भएको हुँदा आवश्यक कार्यार्थ पठाइएको व्यहोरा अनुरोध छ।

<u>तपशिल</u>

१. निजामती सेवा ऐन, २०४९ को दफा ३९घ. बमोजिमको विशेष आर्थिक सुविधा उपलव्ध गराउँदा प्रचलित कानून र स्वीकृत मापदण्ड वमोजिम उपलव्ध गराउने,
२. यसरी उपलव्ध गराएको आर्थिक सुविधा वापतको रकमको शोधभर्ना अर्थ मन्त्रालयसंग माग गर्ने र
३. अर्थ मन्त्रालयसंग शोधभर्ना वापतको रकम माग गर्दा कर्मचारी सञ्चय कोषको प्रशासक स्तरीय निर्णयबाट माग गर्ने।

(अम्बिका प्र. भट्टराई)
शाखा अधिकृत

पुनश्च: यस पूर्व तहाँ कोषबाट भुक्तानी भएको रकमको शोधभर्ना आवश्यक प्रक्रिया पुरा गरी माग गर्न समेत जानकारी गराईन्छ।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९१३, वि.स.स.म. ४२११३१६
फ्याक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

कर्मचारी सञ्चय कोष
Employees Provident Fund

निवृत्तभरण व्यवस्थापन तथा सामाजिक सुरक्षा विभाग

मिति : २०८१/०१/३१

च.नं. ५८-०८०/८१

O.K.

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौ ।

विषय : निजामती सेवा ऐन, २०४९ को दफा ३९घ. बमोजिमको विशेष आर्थिक सुविधा सम्बन्धमा ।

नेपाल सरकार, अर्थ मन्त्रालयको प.सं.वि.क्षे.व्य.सं.स. २०८०/८१ च.नं. ७३६ मिति २०८१/०१/०३ को पत्रानुसार निजामती कर्मचारीको सेवाकालमै मृत्यु भएको अवस्थामा निजामती सेवा ऐन, २०४९ को दफा ३९घ. बमोजिमको विशेष आर्थिक सुविधा प्रचलित कानून र स्वीकृत मापदण्ड बमोजिम कर्मचारी सञ्चय कोषमार्फत उपलब्ध गराई अर्थ मन्त्रालयले शोधभर्ना गर्ने सम्बन्धी निर्णय कार्यान्वयनको लागि निर्देशन भई आएकोमा कोषबाट यसैसाथ संलग्न बमोजिमको मापदण्ड बनाई कार्यान्वयनमा ल्याईएको हुँदा त्यस मन्त्रालयमार्फत सम्बन्धित सबै सरकारी निकायहरुमा यस सम्बन्धी जानकारी गराई सहयोग गरिदिनु हुन अनुरोध छ ।

(सागर कुमार सिंह)
विभागीय प्रमुख

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
कर्मचारी कल्याण शाखा
दर्ता नं.:- १६६
मिति:- २०८१।१।३१